नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

## सानोठिमी, भक्तपुर

### कक्षा १ देखि ४ सम्मका पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि मुद्रक तथा वितरकहरूको नवीकरण तथा सूचीकरण गरिएको सूचना

**प्रकाशन मिति २०७७।१२।०९**

विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामाग्री छपाइ तथा वितरण निर्देशिका, २०७६ बमोजिम शैक्षिक सत्र २०७८ मा देशभर कक्षा १ देखि ४ सम्मका चार रङका पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई प्रोफाइलसहित नवीकरण तथा सूचीकरणका लागि प्रस्ताव पेस गर्नेसम्बन्धी यस केन्द्रबाट मिति २०७७/११/०४ गते (दोस्रो पटक) प्रकाशित सूचनाअनुसार रित पुऱ्याई म्यादभित्र प्रस्ताव पेस गरेका देहायबमोजिमका फर्म/संस्थाहरूलाई निर्देशिकाको परिच्छेद ११ को दफा ३५(१) बमोजिम नवीकरण तथा सूचीकरण गरिएको व्यहोरा यस केन्द्रको मिति २०७७/१२/०५ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| **मुद्रक तथा वितरकहरू** | | |
|---|---|---|
| **सि.नं.** | **नवीकृत फर्महरू** | **ठेगाना** |
| १. | महावीर प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | विराटनगर, मोरङ |
| २. | स्मृति प्रिन्टिङ प्रेस प्रा.लि. | धोविधारा, काठमाडौँ |
| ३. | नयाँ मुलुक प्रकाशन प्रा.लि. | नेपालगन्ज ५, बाँके |
| ४. | सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि | विराटनगर ५, मोरङ |
| ५. | हंसबाहिनी प्रिन्टर्स एन्ड पब्लिकेसन प्रा.लि. | विराटनगर १४, मोरङ |
| ६. | लोकेन्द्र प्रिन्टिङ प्रेस एन्ड पब्लिकेसन प्रा.लि. | धनगढी १, कैलाली |

| **सि.नं.** | **सूचीकृत फर्महरू** | **ठेगाना** |
|---|---|---|
| १. | समा प्रिन्टर्स प्रा.लि. | भैँसेपाटी, ललितपुर |
| २. | पादुका कालशैनी प्रिन्टिङ प्रेस | नेपालगन्ज, बाँके |
| ३. | सोपान प्रेस प्रा.लि. | डिल्लीबजार, काठमाडौँ |
| ४. | कालिका प्रिन्टिङ एन्ड प्याकेजिङ प्रा.लि. | भरतपुर ४, चितवन |

नवीकृत तथा सूचीकृत फर्म/संस्थाहरूले कक्षा १- ४ का पाठ्यपुस्तकका मुद्रणीय प्रति ( Print Ready Copy=PRC) को छपाइ अनुमति प्राप्त गर्न यो सूचना प्रकाशन भएका मितिले ३ दिनभित्र तपसिलबमोजिमको धरौटी र राजस्व रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचर यस केन्द्रमा पेस गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**(क) धरौटी सम्बन्धमा :** नवीकृत फर्मले विगत वर्षमा जम्मा गरेको अद्यावधिक धरौटी भौचरको प्रमाणित प्रतिलिपि र सूचीकृत हुनेले नेपाल बैङ्क लिमिटेड, कमलविनायक भक्तपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३००००01 मा रकम रु ५,००,०००।- (रु. पाँच लाख) धरौटी जम्मा गरेको भौचरको सक्कल प्रति पेस गर्नुपर्ने छ ।

**(ख) राजस्व सम्बन्धमा**

नवीकृत फर्मले परिवर्तन नभएको मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. ५०००।- (पाँच हजार) र परिवर्तित मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. १००००।- (दश हजार) एवम् सूचीकृत हुनेले प्रत्येक पुस्तकको मुद्रणीय प्रति प्राप्त गर्नका लागि रु. १००००।- (दश हजार) का दरले राष्ट्रिय वाणिज्य बैङ्कको राजस्व शीर्षक १४२२३, राजस्व खाना नं. १०००२०००१०००० कार्यालय कोडः ३५००२३३०१ मा नगद जम्मा गरेको सक्कल भौचर केन्द्रमा पेस गर्नुपर्ने छ ।

**पुनश्च :** प्रस्तावकले पेस गरेका विवरणमा फरक पर्न गई पाठ्यपुस्तक छपाइ तथा वितरणमा सुनिश्चितता प्राप्त हुन नसकेमा कानुनबमोजिम कारबाही गरी केन्द्रले जुनसुकैबखत नवीकरण/सूचीकरण रद्ध गर्न सक्ने छ ।